"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः- 2966

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

मितिः २०८३/०२/१८

विषयः आर्थिक कारोबारको भुक्तानी बन्द हुने सम्बन्धमा सूचना।

श्री परशुराम नगरपालिकाका विषयगत शाखाहरू,
श्री वडा कार्यालयहरू/अन्य कार्यालयहरू (सबै),
श्री उपभोक्ता समितिहरू/निर्माण व्यावसायीहरू/आपूर्तिकर्ताहरू/फर्महरू,
श्री सरकारी विद्यालयहरू/संघ संस्थाहरू,
श्री सम्बद्ध सबै (व्यक्ति तथा निकायहरू)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) मा भएको कानूनी प्रावधान बमोजिम *यस परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को सम्पूर्ण आर्थिक कारोबारको भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक राखी भुक्तानी निकासा बन्द गर्नु पर्ने* भएको छ।

अतः यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका शाखाहरू, वडा कार्यालयहरू, नगरपालिका अन्तर्गतका कार्यालयहरू, उपभोक्ता समितिहरू, निर्माण व्यावसायीहरू, आपूर्तिकर्ताहरू, फर्महरू, सरकारी विद्यालयहरू, संघ संस्थाहरू, समूहहरू लगायत सम्बद्ध सबै व्यक्ति तथा निकायहरूले समयमैं कार्यसम्पन्न गरी *मिति २०८३ असार १५ गतेभित्र* अनिवार्य रूपमा भुक्तानीका लागि नियमानुसार पेस गर्नु पर्ने *खर्च पुष्ट्याई गर्ने बिल, भरपाई, सम्झौता, प्रतिवेदन, लगायतका आवश्यक सबै प्रमाण र कागजातसहित* यस कार्यालयमा फायल पेस गरी भुक्तानी लिनुहुन अनरोध गरिन्छ।

साथै, भुक्तानीका लागि तोकिएको समयभन्दा ढिलो निवेदन पेस भई भुक्तानी लिन नसकेका कारण सिर्जित दायित्वका सम्बन्धमा सम्बन्धित जिम्मेवार कर्मचारी, व्यक्ति, फर्म तथा सम्बद्ध पक्षनै कानूनी रूपमा उत्तरदायी तथा जवाफदेही हुने र यस सम्बन्धमा परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय जवाफदेही हुन बाध्य नहुने ब्यहोरा समेत अनुरोध छ।

२०८३/०२/१८
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

(धन बहादुर साउद)
लेखा अधिकृत

<u>कार्यार्थः-</u>
श्री प्रशासन शाखाः तत्काल सबै वडा कार्यालयहरू र अन्तर्गतका सबै कार्यालयहरूलाई जानकारी गराउने।
श्री वडा कार्यालयहरूः सबै उपभोक्ता समितिहरू र सरोकारवालाहरूलाई तत्काल जानकारी गराउने।
श्री आर्थिक प्रशासन शाखाः जानकारीका लागि अनुरोध छ।
श्री सूचना प्रविधि शाखाः नगरपालिकाको Website, आधिकारिक Facebook Account/Page मा Upload गर्नुहुन।